नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
(............................................ शाखा)
सिंहदरबार, काठमाण्डौ

प.सं. :
च.नं. :

# प्रेस विज्ञप्ति

माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङसँग विश्व बैङ्कका Senior Vice President तथा Senior Group General Counsel Mr. Christopher H. Stephens समेतको प्रतिनिधि मण्डलले आज संवत् २०८० साल भदौ १८ गते सोमबार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा शिष्टाचार भेटवार्ता गर्नु भयो।

भेटवार्ताका क्रममा माननीय मन्त्रीज्यूले विश्व बैङ्कले नेपालको आर्थिक विकास प्रक्रियामा पुऱ्याउँदै आएको बहुआयामिक सहयोगको लागि आभार प्रकट गर्नु भयो ।

भेटका क्रममा Mr. Christopher H. Stephens ले राज्य सञ्चालनमा कानून मन्त्रीज्यूको भूमिका महत्वपूर्ण रहेको कुरा बताउदै सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्नु भयो। उक्त अवसरमा उहाँले नेपालको आर्थिक तथा सामाजिक विकासमा लामो समय देखि साझेदार हुन पाउँदा खुशी लागेको बताउँदै विश्व बैङ्कले हालसम्म नेपालका लागि गरेको योगदानका विषयमा समीक्षा गर्दै आगामी दिनमा समेत गर्न सक्ने सहयोग र सहकार्यका विषयमा Country Partnership Framework का माध्यमबाट नेपालको प्राथमिकता, आवश्यकता र नेपालकै माग बमोजिम अगाडि बढ्ने कुरा व्यक्त गर्नु भयो। साथै उहाँले नेपालको समग्र आर्थिक, सामाजिक, न्यायिक विकास एवम् सुशासनको क्षेत्रमा सदैव सहकार्य गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नु भयो।

(लोकहरि बस्याल)
उपसचिव एवम् सहायक प्रवक्ता

मितिः २०८०।०५।१८

फोन नं.:४-२११९८७, ४२००२२५, ४-२११६३०, ४२१११८४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४२११६८४